# २०७१ बैशाख ०८ गते पत्रकार भेटघाट कार्यक्रम

आ.व. ०७०/७१ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले दोस्रो चौमासिक अवधिसम्ममा सम्पादन गरेका महत्वपूर्ण कार्यहरुः

सडक विभाग तर्फः

१. यस आ.ब. हालसम्म सडक विभाग अर्न्तर्गत ३३४ कि.मी. सडक माटे, १३६ कि.मी. खण्डास्मित तथा १५१ कि.मी. कालोपत्रे सडक निर्माण स्तरोन्नती भएको छ ।
२. सडक विभाग अर्न्तर्गत करिब ८२०० कि.मी. सडकको नियमित तथा पटके मर्मत संभार भैरहेको छ।
३. आवधिक मर्मत तर्फ१२७ कि.मी. सडकको आवधिक मर्मत कार्य सम्पन्न भएको छ ।
४. पुल निर्माण तर्फ ७५ वटा पुलहरु सम्पन्न गर्ने लक्ष्य भएकोमा, हाल सम्म जम्मा १४ वटा पुलहरु सम्पन्न भएको छ । हुलाकी राजमार्ग अर्न्तगत २० वटा पुल निर्माणको लक्ष्य लिईएकोमा हालसम्म ३ वटा पुल निर्माण सम्पन्न भएको छ ।
५. बनेपा-सिन्धुली-बर्दिबास सडकको तेश्रो खण्ड -३६.८ कि.मी.) को पहिलो चरणको १७.८ कि.मी. मा यातायात सञ्चालन शुरु भएको छ ।
६. यस आ.ब. को हालसम्ममा पुष्पलाल-मध्य-पहाडी) लोकमार्गको पूर्वी खण्डको ७ कि.मी. ग्राभेल सडकमा स्तरोन्नती गरिएको छ भने ५२ कि.मि. को कालो पत्रे गर्न ठेक्का पट्टा भैसकेको छ । पश्चिमी खण्डमा १ कि.मि. मात्र ट्र्याक खोल्न बाँकी रहेको भने ३.५ कि.मी. सडक कालोपत्रे भएको छ।
७. काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना अर्न्तगत काठमाण्डौ उपत्यकामा हाल सम्म २७ कि.मि सडक विस्तार गरी कालोपत्रे गरिएको छ ।
८. पर्यटन क्षेत्रमा टेवा पुराउने गरी २६ कि.मी. (कूल १४२ वटा सडक) नयाँ सडक निर्माण गरिएको छ भने ९ कि.मी. सडक ग्राभेल सडकमा तथा ५ किमि कालोपत्रे सडकमा स्तरोन्नती गरिएको छ ।
९. क्षेत्रीय महत्वका सडक तर्फकुल ६२ कि.मी. (कूल २६३ वटा सडक) नयाँ सडक निर्माण भएको तथा २४ कि.मी. माटे सडकलाई स्तरोन्नती गरिएको छ, जस मध्ये ५ कि.मि सडक कालोपत्रे र १९ कि.मि. ग्राभेल सडकमा स्तरोन्नती गरिएको छ ।
१०. देशै भरिका विभिन्न शहरी क्षेत्रभित्रका सडकको निर्माण तथा सुधार गर्ने उद्देश्यले यस विभागले ११ कि.मी. नयाँ सडक निर्माण गरेको छ भने ४१ कि.मी. स्तरोन्नती गरेको छ, जस मध्ये १३ कि.मि सडक कालोपत्रे र २८ कि.मि. ग्राभेल सडकमा स्तरोन्नती गरिएको छ ।
११. सडक क्षेत्र विकास आयोजना अर्न्तगत विभिन्न सडकहरु गरी जम्मा ४६ कि.मि. सडकलाई कालोपत्रेस्तरमा स्तरोन्नती गरिएको छ ।

**वैदेशिक श्रोत र लगानीवाट संचालित योजनाहरुको प्रगतिः**

Asian Development Bank (ADB) Funded Project अन्तर्गत उपक्षेत्रिय यातायात अभिवृद्धि आयोजना अन्तर्गत निर्माणाधिन सडकहरुको चालु आ.व.को दोस्रो चौमासिकसम्म ११ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ ।

Road Sector Development Project (RSDP) अन्तर्गत संचालित ५ वटा सडक आयोजनाहरुको कुल ४८ कि.मी. सडक कालोपत्रेस्तरमा स्तरोन्नती भएको ।

Road Improvement Project (RIP) Phase १ अन्तर्गतका सडकहरु निर्माण सम्पन्न भई योजनाहरु डि.स.का. हरुलाई बुझाईएको र Phase २ अन्तर्गतका सडकहरुको डिजाईन सम्पन्न भई ठेक्का आवहान कार्य भईरहेको ।

**राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगतिः**

१. हुलाकी राजमार्ग अन्तर्गत सडक निर्माण तर्फ कालोपत्रे कार्यको लागि बेस सब बेस कार्य चालु र क्रमागत ३ वटा पुलहरु सम्पन्न (नाला, गुइया र बकरी) ।

२. यस आ.व.को दोस्रो चौमासिकसम्ममा पुष्पलाल मध्यपहाडी लोकमार्गको पूर्वी खण्ड तर्फ ७ कि.मि. सडकको खण्डास्मीत ५ कि.मी. चौडा गर्ने कार्य सम्पन्न एवं पुल निर्माण कार्य चालु रहेको । त्यस्तै पश्चिम खण्ड तर्फ ३.५ कि.मी. सडक कालोपत्रे कार्य सम्पन्न भएको ।

३. उत्तर दक्षिण लोकमार्ग (कर्णाली, कालीगण्डकी र कोशी) अर्न्तर्गतका राष्ट्रिय गौरवका सडकहरुमा बाषिर्क लक्ष्यको ३९% भौतिक प्रगति हासिल भएको छ । ६२ कि.मि. मध्ये २४ कि.मी. नयाँ सडक निर्माण भएको छ ।

४. काठमाडौ तराई (मधेश) द्रुत मार्गको विगतमा PPP मोडेलबाट निर्माण गर्ने भनिएकोमा अब अन्य मोडलहरुबाट (नेपाल सरकार, वैदेशिक श्रोत वा निजी लगानी) मार्फत निर्माण गर्ने निर्णय गरिएको छ ।

५. पूर्व पश्चिम विद्युतीय रेल मार्ग अन्तर्गत ताम्सारिया बुटवल खण्ड रेलमार्गका Draft Report प्राप्त । सिमारा तम्सारियाको वन क्षेत्रमा अध्ययनको लागी वन मन्त्रालय स्वीकृतीमा सर्भेक्षणकार्य भैरहेको । बुटवल गड्डाचौकी खण्ड रेलमार्गको लागी परामर्शदाता छनौटकार्यको लागी RFP तयारी कार्य जारी । कटरी विराटनगर रेलमार्गको निर्माण कार्य जारी रहको, जयनगर जनकपुर बर्दिबास खण्डमा अधिग्रहण कार्य निरन्तरता दिईएको र भारतीय पक्षबाट निर्माणको कार्यको लागी निर्माण व्यवसायी नियूक्त गरी कार्य अघि बढाएको । सिमारा बर्दिबास खण्डमा निर्माणाधिन रेलमार्गको निर्माणाधिन खण्डको मुआव्जा निर्धारणको लागी मूल्यांकन कार्य पूरा । रेलमार्गको निर्माणको लागी छनौट भएको निमार्ण व्यवसायीहरुवाट निमार्ण सर्भेक्षण कार्य पुरा भई डिजाईन कार्य जारी रहेको ।

**यातायात व्यवस्था विभाग तर्फः**

यातायात व्यवस्था कार्यालयहरुका कम्प्यूटर, प्रिन्टर, ईन्र्भटर, फर्निचर खरीद गरिएको । त्यसैगरी सि.सि. क्यामेरा र ट्राफिक लाइट खरीद गरी जडान गरिएको ।

ट्रायल सेन्टर निर्माणः यातायात व्यवस्था कार्यालय जनकपुर, सगरमाथा, राप्ती र सेतीमा सवारीचालक अनुमततिपत्रको प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका २०६९ अनुरुप नयाँ मापदण्डमा आधारित ट्रायल सेन्टर निर्माण गरीएको । यी कार्यालयमा समेत गरी हाल यातायात व्यवस्था कार्यालय मेची, कोशी, गण्डकी, भेरी, बाग्मती, लुम्बिनी गरी १० वटा अञ्चलमा बाट सवारीचालक अनुमतिपत्र वितरण भइरहेको।

भवन निर्माणः यातायात व्यवस्था कार्यालय महाकाली र मेचीमा भवनका निर्माणका लागि सम्झौता भई कार्य अगाडि बढी रहेको ।

यातायात व्यवस्था कार्यालय गण्डकी र सगरमाथामा कार्यालयको लेआउट सुधारका लागि काउन्टर निर्माण गरीएको ।

यातायात व्यवस्था कार्यालय गण्डकी र लुम्बिनीमा प्रदुषण जेकजाँचका लागि प्रदुषण परिक्षण मेशीन खरीद गरिएको ।

यातायात व्यवस्था कार्यालयहरुमा सूचना प्रविधिको प्रयोगका लागि लिजलाइनको व्यवस्था गरिएको ।
राजश्व संकलन तर्फः दोस्रो चौमासिकमा रु.२ अर्ब ६२ करोड ५० लाख संकलन भई हालसम्म रु.५ अर्ब ८३ करोड ६५ लाख राजश्व संकलन भएको देखिन्छ ।

सवारी दर्ताः दोस्रो चौमासिकमा ७३,९९४ सवारी साधन दर्ता भई कुल १६,८७, ४७९ पुगेको छ ।

सवारीचालक अनुमतीपत्र वितरण तर्फः दोस्रो चौमासिकमा ३५ हजार ४३२ सवारी चालक अनुमतीपत्र वितरण भई हालसम्म कूल २१ लाख ४० हजार स.चा.अ.प. वितरण गरिएको छ ।

भागवत प्रसाद खनाल
उप सचिव
सहायक सूचना अधिकृत